मिति २०७२ भाद्र ३१

श्री कार्यकारी निर्देशकज्यू
बैंक तथा वित्तीय संस्था नियमन विभाग
नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।

**विषय : चुक्ता पूँजी बृद्धि सम्बन्धमा ।**

महाशय,

त्यस बैंकको प.स. बै.वि.नि.वि./नीति/परिपत्र/कखग/०२/०७२/७३ मिति २०७२।०४।२१मा जारी परिपत्र अनुसार संस्थाको चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा यस संस्थाको मिति २०७२।०५।२३मा बसेको संचालक समितिको २८४औं बैठकमा विभिन्न उपायहरुको विषयमा छलफल भै निम्न बमोजिम गर्ने भन्ने निर्णय भएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

संस्थाको हालको वित्तीय स्थीतिमा सुधार भएता पनि संस्थाले निकट भविष्यमा बोनस शेयर प्रदान गर्न सक्ने नदेखिएको साथै हकप्रद शेयर निश्कासन गर्न सक्ने अवस्था नरहेकोले उक्त विकल्पहरुमा नजाने निर्णय गरियो ।

अर्को विकल्पको रुपमा मर्जर नै रहेको र संचालक समितिले यस अघि नै मर्जरमा जाने निर्णय गरि सकेको र सोही निर्णय अनुसार उपयुक्त बैंक वा वित्तीय संस्थाको खोजि गर्ने कार्य अगाडि बढाई विभिन्न बैंक तथा वित्तीय संस्थाहरुसंग छलफल गरिएको थियो ।

हाल त्यस बैंकबाट जारी गरिएको चुक्ता पूँजी सम्बन्धी नयाँ परिपत्र पश्चातको परिस्थीतिलाई विश्लेषण गर्दा पनि चुक्ता पूँजी पुऱ्याउन मर्जर/एक्वीजिसनमा जानु नै उपयुक्त हुने भन्ने संचलाक समितिका सबै सदस्यहरुको राय बमोजिम संचलाक समितिले मर्जर/एक्वीजिसनमा जाने निर्णय गरेको जानकारी गराउन चाहन्छौं ।
मर्जर/एक्वीजिसनमा जाँदा यस संस्थाको पहिलो प्राथमिकता संस्था जस्तै अन्य वित्तीय संस्थाहरुसंग मर्जर/एक्वीजिसन गर्ने र यदी यसो हुन नसकेमा मात्र विकास बैंक वा वाणिज्य बैंकसंग मर्जर/एक्वीजिसन गर्ने भन्ने निर्णय गरिएको व्यहोरा समेत जानकारी गराउन चाहन्छौं ।

मर्जर/एक्वीजिसनका लागि हाल विभिन्न बैंक तथा वित्तीय संस्थासंग छलफल अगाडी बढाई सकिएको र सो सम्बन्धमा कुनै ठोस प्रगति हुनासाथ अबिलम्ब त्यस बैंकलाई जानकारी गराउने नै छौं ।